राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




Volume 19, Issue 4 No. 124 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Kartik 2076 (Novemer-2019)

# देशव्यापी रूपमा नयाँ प्रविधिको फोरजी/एलटीई सफ्ट लन्च




## नेपाल टेलिकमको फोरजी सेवा सम्बन्धी संक्षिप्त जानकारी

१. सम्झौता : २०७५ माघ
२. जम्मा सम्झौता संख्या : ३ (कोर उपकरण - १, रेडियो नेटवर्क उपकरण -२)
३. प्रयोग भएको फ्रिक्वेन्सी ब्यान्ड : ८०० मेगाहर्ज र १८०० मेगाहर्ज (सेवा विस्तारसँगै २३०० मेगाहर्जमा पनि सञ्चालन हुँदै जाने)
४. प्रविधिको प्रचलित नाम : LTE Advanced (4.5G) यस अन्तर्गतका Carrier Aggregation लगायतका परिष्कृत प्रविधि प्रयोग गरी साविकमा चलेको फोरजी भन्दा निकै बढी डाटा स्पिड प्राप्त हुने ।
५. परीक्षणको क्रममा हासिल भएको अधिकतम डाटा स्पिड : २४७ एमबीपीएस
६. औसत डाटा स्पिड : १३० एमबीपीएस
७. सन् २०१६ मा प्रकाशित विश्व विकास प्रतिवेदनले ब्रोडब्यान्ड सेवाको १० प्रतिशत विस्तारले विकासशील देशको कूल गार्हस्थ उत्पादनमा १.३८ प्रतिशत वृद्धि हुने देखाएको सन्दर्भमा नेपाल टेलिकमको एलटिई मोबाइल ब्रोडब्यान्डको देशव्यापी विस्तारले देशको आर्थिक विकासमा पनि महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ ।

नेपाल टेलिकमले गत असोज १५ गते देशव्यापी रुपमा नयाँ प्रविधिको फोरजी/एलटीई सेवाको सफ्ट लन्च गरेको छ । सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सातै प्रदेशका मुख्यमन्त्रीहरुसँग भिडियो कन्फ्रेन्सिङमार्फत कुराकानी गरेर सो सेवाको शुभारम्भ गर्नुभयो ।

शुभारम्भ समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले देशव्यापी रुपमा फोरजी/एलटीई सेवाको शुरुवातसँगै नेपालले डिजिटल अर्थतन्त्र निर्माणको युगमा फड्को मारेको र अब देशको अर्थतन्त्रलाई छिटो, पारदर्शी र नयाँ ढंगले अघि बढाउन नयाँ प्रविधिले सघाउने बताउनु भयो ।

सो अवसरमा उहाँले विकास र उत्पादनका काममा प्रविधिको प्रयोगलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्दै फोरजी एलटीईको विस्तार यसैको सफल प्रयोग भएको बताउनु भयो । उहाँले नेपाल टेलिकम सरकारी लगानी भएको जनताको संस्था भएको उल्लेख गर्दै भन्नुभयो - 'पूर्वनिर्धारित योजनाहरु समयमै नसक्नु जनतालाई सेवाबाट वञ्चित गर्नु हो र विकासलाई पछि पार्नु हो । त्यसैले ढिलासुस्ती कुनै पनि शर्तमा स्वीकार्य हुँदैन ।' टेलिकमका अप्टिकल फाइबर तथा एफटीटीएच योजनाका नामै लिएर उहाँले पूर्वनिर्धारित समयमा जसरी पनि सम्पन्न गर्न निर्देशन दिनुभयो ।

सोही समारोहलाई सम्बोधन गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले कम्पनीमा सञ्चालित ९ वटा ठूला परियोजना मध्ये फोरजी/एलटीई सेवाको विस्तार पहिलो सफलताको पाइला भएको र फोरजी/एलटीई मोबाइल सेवाले जनताको जीवनस्तरमा परिवर्तन ल्याउन मद्दत गर्ने उल्लेख गर्दै यो पूर्व निर्धारित १ वर्षको समयावधिमा सम्पन्न हुने बताउनु भयो । (बाँकी २ पेजमा)

# निकट भविष्यमै IPTV सेवा



नेपाल टेलिकमले निकट भविष्यमा उपलब्ध गराउने IPTV (Internet Protocol Television) का लागि Kalash-VNPT Technology Joint Venture सँग सम्झौता भएको छ । गत असोज २७ गते आयोजित एक कार्यक्रममा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र Joint Venture को तर्फबाट प्रबन्ध निर्देशक रुपेश श्रेष्ठले हस्ताक्षर गर्नुभयो ।

नेपालको Kalash Services र भियतनामको VNPT Technology को Joint Venture को रुपमा स्थापित Kalash-VNPT Technology Joint Venture ले IPTV का लागि आवश्यक सामग्री र अन्य प्राविधिक पक्षमा कम्पनीलाई सघाउने छ । हाल एफटीटीएच नेटवर्क भएको स्थानमा अप्टिकल फाइबरमार्फत Video On Demand (VOD) जस्ता सेवाहरु ग्राहकलाई प्रदान गरिने छ । यसबाट ग्राहकलाई एउटै तारबाट भ्वाइस, इन्टरनेट र टीभी अर्थात् ट्रिपल प्ले सर्भिस प्रदान गर्न सकिने छ ।

आगामी दिनमा यो सेवा लिनका लागि सेट टप बक्सको आवश्यकता पर्नेछ । बक्सलाई टीभीमा जोडेर टीभी हेर्न र अन्य सेवा उपभोग गर्न सकिने छ ।

यो सेवा प्रारम्भ भए पश्चात एउटै तारबाट टेलिफोन, इन्टरनेट र भिडियो सुविधा उपलब्ध हुने भएकाले कम्पनीका लागि यो एक महत्वपूर्ण कदम सावित हुनेछ ।

(१ पेजको बाँकी)

# देशव्यापी रुपमा नयाँ प्रविधिको फोरजी...












कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङले नेपाल टेलिकमले विस्तार गरेको फोरजी/एलटीईले अर्थपुर्ण रुपले मानिसलाई जोड्ने बनाउनु भयो। यो सेवाको प्रयोगले नेपाली जनतालाई आर्थिक समृद्धि प्राप्त गर्न सहज हुने उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले सरकारले प्राथमिकतामा राखेको फोरजी/एलटीई मोबाइल सेवाको विस्तारबाट मुलुकलाई डिजिटलाइज्ड गर्न महत्वपूर्ण सहयोग पुग्ने बताउँदै उत्पादन, अर्थतन्त्र, वितरणदेखि सूचना र ज्ञानको विस्तारमा यसले चमत्कारिक गतिशीलता ल्याउने विश्वास व्यक्त गर्नुभयो।

कम्पनीका विभिन्न सात प्रदेशमा रहेका मुख्य कार्यालयहरुबाट समेत विशेष समारोहका बीच एकै पटक सो सेवाको शुभारम्भ गरिएको थियो।

➢ नेपाल टेलिकमद्वारा सञ्चालनमा ल्याइएको फोरजी एलटीई मोबाइल सेवा नेपालमा पहिलो पटक शुभारम्भ भएको अत्यन्त तीब्र गतिको वायरलेस प्रविधि LTE Advanced (LTE-A) हो। नेपाल सरकारद्वारा पहिचान गरिएका रुपान्तरणकारी आयोजनाहरु (Game Changer Projects) मध्ये नेपाल टेलिकमको यो आयोजना पनि एउटा रहेको छ।

➢ मुलुकमा डिजिटलाइज्ड Life Style र Smart Society को पूर्वाधार तयार पार्नका लागि यो आयोजनाले महत्वपूर्ण पूर्वाधार खडा गर्नेछ। जस अनुसार मुलुकको आर्थिक विकास, आम जनताको जीवनस्तरको सुधार तथा Digital Divide न्यूनीकरण हुनेछ।

➢ यो फोरजी एलटीई आयोजना विद्यमान फोरजी सेवाको स्तरोन्नती मात्र नभई हालसम्म सेवा उपलब्ध नभएका स्थानमा पनि दीर्घकालीन पूर्वाधारको विकास र विस्तार गर्ने तथा मुलुकका सम्पूर्ण भू-भागहरु र जनतालाई अत्याधुनिक दुरसञ्चार सेवाबाट सुसज्जित गर्ने योजना पनि हो।

➢ नेपाल टेलिकमले नेपालमा नै पहिलो पटक २०७३ पौष १७ गतेबाट काठमाडौं र पोखरामा शुरु गरेको 4G/LTE सेवालाई अत्याधुनिक प्रविधिमा स्तरोन्नती गरी देशभर विस्तार गरिरहेको छ।

➢ मोबाइल इन्टरनेटको क्षेत्रमा Long Term Evolution भनिने 4G प्रविधि मोबाइलमार्फत उच्च गतिको इन्टरनेट साथै उच्च गुणस्तरको भ्वाइस कल सेवा (VoLTE) पनि उपयोग गर्न सकिने अत्याधुनिक प्रविधि हो। 4G बाट प्राप्त हुने इन्टरनेटको गति उच्च हुने हुँदा गुणस्तरीय श्रव्य-दृश्य सामग्रीहरु, गेमलगायत बढी ब्यान्डविथ आवश्यक हुने इन्टरनेट सामग्रीहरु सजिलै हेर्न तथा सुन्न सकिन्छ। साथै नेपाल टेलिकमको 4G मा VoLTE पनि रहेकोले यसबाट उच्च गुणस्तरको भ्वाइस कल सेवा उपयोग गर्न सकिन्छ।

➢ नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोग गर्न मोबाइल फोन सेट र सिम कार्ड 4G/LTE सेवा चल्ने (Support गर्ने) हुनु पर्छ र 4G/LTE नेटवर्क उलपब्ध भएको क्षेत्रमा हुनु जरुरी छ। 4G/LTE सेवा सुचारु गर्न कुनै शुल्क लाग्दैन, नि:शुल्क सुचारु गर्न सकिन्छ। आफ्नो मोबाइल फोनबाट *444# डायल गरी प्राप्त निर्देशन अनुरुप 4G/LTE प्रयोग गर्न सिम परिवर्तन गर्नुपर्ने वा नपर्ने थाहा पाउन र 4G एक्टिभेट गरी सेवा सुचारु समेत गर्न सकिन्छ। हाल प्रयोग गरिरहेको सिमकार्डले 4G/LTE सपोर्ट नगर्ने भएमा नेपाल टेलिकमका देशभरका ग्राहक सेवा केन्द्रहरुबाट पुरानो सिमको सट्टा 4G/LTE चल्ने नयाँ सिमकार्ड (U-SIM) नि:शुल्क प्राप्त गर्न सकिन्छ।

➢ 4G/LTE सेवाको लागि छुट्टै महसुल दर तोकिएको छैन, 3G/2G सेवाको दरमा नै प्रयोग गर्न सकिन्छ। अझ सस्ता प्याकेजहरुको लागि *1415# डायल गरी रोजेको प्याक लिन सकिन्छ।

## फोरजी शुभारम्भको अवसरमा आकर्षक प्याकेज

कम्पनीले सातै प्रदेशमा फोरजी/एलटीई सेवाको शुभारम्भका अवसरमा फोरजी सेवा प्रयोग गर्नुहुने ग्राहकहरुका लागि आकर्षक इन्टरनेट प्याकेज प्रदान गर्ने निर्णय गरेको छ। यसअघि नै मोबाइलका उपभोक्ताहरुलाई प्रदान गरिएका केही अल टाइम डाटा अफरमा शतप्रतिशत डाटा भोल्युम थप गरी साविकको मूल्यमै प्रदान गरिएको छ।

यसअघि जम्मा २५ रुपैयाँमा २ सय एमबी डाटा प्रदान गरिरहेकोमा फोरजी एलटीई सेवाका ग्राहकहरुलाई सोही दरमा २०० एमबी थप गरी जम्मा ४०० एमबी डाटा उपलब्ध गराइने छ। यो प्याकेज लिइएको २४ घण्टासम्म प्रयोग गर्न सकिनेछ।

यसैगरी जम्मा १ सय रुपैयाँमा ७ दिनसम्म प्रयोग गर्न सकिने हाल उपलब्ध भइरहेको ५०० एमबी डाटा प्याकेज फोरजी एलटीईका सेवाग्राहीलाई थप ५०० एमबी डाटा बोनसस्वरुप प्राप्त हुनेछ। यसको प्रयोग ७ दिनसम्म गर्न सकिनेछ। साथै २८ दिनसम्म प्रयोगमा ल्याउन सकिने २४० रुपैयाँमा उपलब्ध डेढ जीबी डाटा प्याकेज फोरजी एलटीई मोबाइल प्रयोगकर्तालाई सोही मूल्यमा ३ जीबी डाटासहित प्राप्त हुनेछ। यी तीनवटै डाटा प्याकेजहरु एनटी फोरजी एलटीई अफरका रुपमा कम्पनीका फोरजी ग्राहकहरुलाई १५ असोज २०७६ देखि अर्को सूचना जारी नभएसम्म प्रदान गरिने छ।

## 4G/LTE सम्बन्धी महत्वपूर्ण जानकारी

**१. 4G/LTE भनेको के हो ?**

Long Term Evolution प्रविधिमा आधारित चौथो पुस्ता (Fourth Generation, 4G) को मोबाइल इन्टरनेट सेवा नै 4G/LTE सेवा हो।

**२. नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोगका फाइदाहरु के हुन् ?**

4G/LTE प्रविधि मार्फत उच्च गतिको इन्टरनेट प्राप्त हुने हुँदा उच्च गुणस्तरिय श्रव्य-दृश्य सामग्रीहरु, गेम लगायत बढी ब्यान्डविथ आवश्यक हुने इन्टरनेट सामाग्रीहरु सजिलै हेर्न तथा सुन्न सकिने साथै उच्च गुणस्तरको भ्वाइस कल सेवा (VoLTE) पनि उपयोग गर्न सकिन्छ।

**३. नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोग गर्न के के आवश्यक पर्दछ ?**

नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोग गर्न मोबाइल फोन सेट र सिम कार्ड 4G/LTE सेवा चल्ने (Support गर्ने) हुनु पर्दछ र 4G/LTE नेटवर्क उलपब्ध भएको क्षेत्रमा हुनु जरुरी छ।

**४. मोबाइल फोन सेटमा 4G/LTE सेवा चल्ने हो कि होइन, कसरी थाहा पाउन सकिन्छ ?**

मोबाइल फोनको नेटवर्क सेटिङमा गई फोनले कुन कुन प्रविधिमा काम गर्छ हेर्न सकिन्छ। उपलब्ध विकल्पमध्ये 4G/LTE रहे-नरहेको यकिन गर्नु पर्दछ। साथै नेपाल टेलिकमको नेटवर्कमा 4G/LTE सेवा निर्वाध प्रयोग गर्नको लागि मोबाइल फोनले B3 (1800MHz), B40 (2300MHz) र B20 (800MHz) ब्यान्डमा काम गर्छ भन्ने सुनिश्चित गर्न फोनको Specification हेर्न सकिन्छ।

# आधा मूल्यमा इन्टरनेट लिज लाइन उपलब्ध

नेपाल टेलिकमले २०७६ कात्तिक १ गतेदेखि लागू हुनेगरी इन्टरनेट लिज लाइनको महसुल घटाएको छ। पहिले न्यूनतम ५१२ केबीपीएस देखि माथिको क्षमतामा सेवा उपलब्ध गराइरहेकोमा अब न्यूनतम २ एमबीपीएस क्षमतामा सेवा उपलब्ध गराइने छ।

यसअघि १ देखि १० एमबीपीएस व्यान्डविथ रेन्जको महसुल दर प्रति एमबीपीएस ४ हजार २ सय रुपैयाँ रहेकोमा अब २ देखि २० एमबीपीएसको व्यान्डविथ रेन्जको महसुल दर प्रति एमबीपीएस २ हजार ५ सय रुपैयाँ मात्र कायम गरिएको छ। त्यसैगरी पहिले ११ देखि १०० एमबीपीएस व्यान्डविथ रेन्जको प्रति एमबीपीएस ४ हजार रुपैयाँमा उपलब्ध गराइरहेकोमा अब २१ देखि ५० एमबीपीएस व्यान्डविथ रेन्जको प्रति एमबीपीएस २ हजार ३ सय रुपैयाँमा र ५१ देखि १०० एमबीपीएस रेन्जको प्रति एमबीपीएस मात्र २ हजार १ सय रुपैयाँमा उपलब्ध गराइने छ।

पहिले १०० एमबीपीएस भन्दा माथिका लागि प्रति एमबीपीएस ३ हजार ८ सय रुपैयाँ महसुल दर तोकिएकोमा अब यो प्रति एमबीपीएस १ हजार ९ सय रुपैयाँमै उपलब्ध हुनेछ।

कम्पनीले उपलब्ध गराउने इन्ट्रानेट लिज लाइनको महसुल दर भने यथावत् रहेको छ। नेपाल टेलिकमले विभिन्न व्यावसायिक ग्राहकका मागअनुसार उच्च क्षमताको इन्टरनेट तथा इन्ट्रानेट लिज सेवा प्रदान गरिरहेको छ। यस सेवामा इन्टरनेटको अपलिंक र डाउनलिंक क्षमता सधैँ बराबर रहन्छ भने यो सेवा २४ सै घण्टा निरन्तर डेडिकेटेड रुपमा उपलब्ध भइरहन्छ।

लिज सेवाको प्रयोगद्वारा कुनै पनि किसिमका अनलाइन सर्भिसहरु सञ्चालन गर्न एवं कार्यालय तथा शाखा कार्यालयहरुलाई ई-कनेक्टिभिटीबाट आबद्ध गर्न सकिन्छ। त्यसकारण, मूलतः बैंक, वित्तीय संस्था, शिक्षण संस्था, पुस्तकालय, सरकारी कार्यालयहरु तथा बढी ब्यान्डविथ चाहिने र धेरै शाखाहरुको सूचना, तथ्यांक तथा हिसाब अनलाइन गर्नुपर्ने संघ/संस्था र कम्पनीहरुका लागि यो सेवा निकै नै उपयोगी छ। पछिल्लो समयमा व्यक्ति तथा साइबर क्याफे र होटल तथा कलकारखानाहरुका लागि समेत यो सेवा फलदायी बनेको छ।

मुलुकभरका नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका कुनै पनि कार्यालय तथा क्षेत्रीय निर्देशनालयमा सम्पर्क राखी यो सेवा प्राप्त गर्न सकिन्छ। त्यसका लागि चाहिएको क्षमताको इन्टरनेट लिज सेवाको माग सहितको निवेदन पेश गर्नुपर्ने हुन्छ।

लिजलाइन सेवा जडान गर्दा शुरुमा एक पटकका लागि जडान शुल्क रु. ३२०१-, स्वामित्व शुल्क रु. ५६५१- र आफूले लिन चाहेको ब्यान्डविथ रेटको दोब्बर हुने दस्तुर धरौटीको रुपमा जम्मा गरेर सञ्चालन गर्न सकिन्छ। धरौटीको रकम Refundable भएकाले लाइन कट्टा गर्दा फिर्ता हुन्छ।

इन्ट्रानेटको हकमा Central site को स्वामित्व शुल्क, व्यान्डविथ शुल्क र धरौटीको रकम लाग्ने छैन। हाललाई १ Mbps भन्दा माथिको क्षमताको कुनै पनि लिज फाइबरबाट जडान गर्न १०० मिटर सम्मको फाइबर निःशुल्क जडान हुने व्यवस्था छ।

सम्भाव्यता अध्ययन पश्चात् लिजलाइन प्रदान गर्न सकिने भौतिक पूर्वाधार उपलब्ध भएमा फाइबर सर्वेक्षण गरेर Location Map तयार गरी ग्राहकलाई भुक्तानीको लागि जानकारी गराइनेछ। ग्राहक स्वयंले फाइबर तान्ने भएमा टेलिकमका प्राविधिकले उपयुक्त स्थानमा जडानका लागि सहयोग गर्ने छन् भने टेलिकमकै फाइबर प्रयोग गर्नुपर्ने अवस्थामा फाइबरको लम्बाई अनुसारको लाग्ने रकम भुक्तानी भएपछि जडान गरिन्छ। Media Converter, Optical Modem/ Router आदि उपकरण भने ग्राहक स्वयंले व्यवस्था गर्नु पर्नेछ। *(बाँकी ४ पेजमा)*

**५. 4G/LTE सेवा प्रयोग गर्नको लागि नयाँ सिमकार्ड लिनुपर्छ कि अहिले चलाइरहेको सिमबाट नै 4G चलाउन सकिन्छ ?**

यदि तपाईले नेपाल टेलिकमको GSM मोबाइल प्रयोग गरिरहनुभएको छ भने यही सिमबाट नै 4G/LTE सेवा प्रयोग गर्न सक्नुहुन्छ। तपाईंसँग नेपाल टेलिकमको GSM मोबाइल सिम छैन भने नेपाल टेलिकमका देशभरका ग्राहक सेवा केन्द्र तथा कम्पनीको सिमकार्ड बिक्री गर्ने डिलर/रिटेलर मार्फत समेत 4G चल्ने नयाँ सिम लिन सक्नुहुन्छ।

**६. हाल प्रयोग गरिरहेको नेपाल टेलिकमको सिमबाट 4G/LTE सेवा प्रयोग गर्न सकिन्छ कि सकिदैन कसरी थाहा पाउन सकिन्छ ?**

आफ्नो मोबाइल फोनवाट *444# डायल गरी प्राप्त निर्देशन अनुरुप सिम परिवर्तन गर्नुपर्ने वा नपर्ने यकिन गरी सोही अनुरुप 4G/LTE सेवा सुचारु गर्न पनि सकिन्छ।

**७ नेपाल टेलिकमको 4G/LTE सेवा सुचारु गर्न कति शुल्क लाग्छ ?**

4G/LTE सेवा सुचारु गर्न कुनै शुल्क लाग्दैन, निःशुल्क सुचारु गर्न सकिन्छ।

**८. 4G/LTE चल्ने नयाँ नम्बर सहितको सिमकार्ड लिन कति शुल्क लाग्छ र कसरी प्राप्त गर्न सकिन्छ ?**

नेपाल टेलिकमका देशभरका ग्राहक सेवा केन्द्र तथा कम्पनीको सिमकार्ड बिक्री गर्ने डिलर/रिटेलरबाट समेत नियमित प्रक्रिया मार्फत 4G/LTE चल्ने नयाँ नम्बर सहितको सिमकार्ड (U-SIM) प्राप्त गर्न सकिन्छ। नयाँ नम्बर लिनको लागि हाल रु. ९०।- शुल्क लाग्छ।

**११. नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोग गर्नको लागि कुन APN प्रयोग गर्नु पर्दछ ?**

3G सेवाको लागि यस अघि प्रयोगमा रहेको APN अर्थात ntnet लाई नै 4G को लागि पनि प्रयोग गर्न सकिन्छ।

**१२. नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोग गर्दा कति शुल्क लाग्छ ?**

4G/LTE सेवालाई कम्पनीले यस अघि उपलब्ध गराएको 3G/2G सेवाको दरमा नै उपलब्ध गराएको छ।

**१३. सस्तो दरमा 4G सेवा प्रयोग गर्न कुनै अफर प्याकेजहरु उपलब्ध छन् ?**

नेपाल टेलिकमले आफ्ना ग्राहकहरुलाई आकर्षक प्याकेजहरु नियमित रुपमा उपलब्ध गराउँदै आएको छ। यी प्याकेजहरु 4G सेवामा पनि प्रयोग गर्न सकिन्छ। *1415# डायल गरी वा नेपाल टेलिकमको मोबाइल एप (Nepal Telecom App) तथा वेबसाइट www.ntc.net.np बाट नयाँ नयाँ प्याकेजहरुको बारेमा जानकारी प्राप्त गर्न तथा खरिद गर्न सकिन्छ।

**१४. 4G/LTE सेवा सुचारु गरे पश्चात हाल खरिद गरेको डाटा प्याकेज के हुन्छ ?**

खरिद गरेको डाटा प्याकेज सेवा अवधिभर निर्वाध रुपमा उपयोग गर्न सकिन्छ। 4G/LTE सेवा सुचारु छ र नेटवर्क कभरेज क्षेत्रमा हुनुहुन्छ भने पुरानै प्याकेज पनि 4G/LTE को स्पिडमा नै उपयोग गर्न सकिन्छ।

**१५. VoLTE भनेको के हो ? यसका फाइदाहरु के के छन् ?**

VoLTE को पूर्ण रुप Voice over LTE हो। VoLTE प्रविधिको प्रयोगबाट भ्वाइस सेवाको गुणस्तरमा वृद्धि हुने, कल सेटअप निकै छिटो हुने र पुराना प्रविधिको तुलनामा ब्याट्रीको खपत कम हुने जस्ता फाइदाहरु प्राप्त गर्न सकिन्छ।

**१६. के सबै 4G/LTE मोबाइल सेटहरुले VoLTE सपोर्ट गर्छन् ?**

4G/LTE सपोर्ट गर्ने सबै मोबाइल सेटहरुले VoLTE सपोर्ट नगर्न पनि सक्छन्। तपाईंको सेटले VoLTE सपोर्ट गर्ने/नगर्ने सुनिश्चित गर्न मोबाइल सेटको Specification हेर्न सक्नुहुन्छ।

**१७. VoLTE सेवा लिन के गर्नुपर्छ ?**

कुनै पनि नम्बरमा 4G एक्टिभेट गर्दा VoLTE पनि स्वतः एक्टिभ हुन्छ, VoLTE छुट्टै एक्टिभेट गरिराख्नु पर्दैन। 4G नेटवर्कमा भएको स्थानमा 4G एक्टिभेट भएको सिमकार्ड VoLTE सपोर्ट गर्ने सेटमा छ भने स्वतः VoLTE सेवा उपलब्ध हुनेछ।

**१८. नेपालका ग्रामीण भेगमा 4G/LTE सेवा निर्बाध रुपमा सञ्चालन गर्न कस्तो मोबाइल सेट उपयुक्त हुन्छ ?**

नेपाल टेलिकमले ग्रामीण क्षेत्रमा कभरेज एरिया धेरै हुने B20 (800MHz) ब्यान्डमा 4G सेवा सञ्चालन गरेकोले अन्य Frequency Band हरु B3 (1800MHz), B40 (2300MHz) का अतिरिक्त B20 (800MHz) सपोर्ट गर्ने मोबाइल सेट उपयुक्त हुन्छ।

**१९. 4G/LTE सपोर्ट गर्ने तर VoLTE सपोर्ट नगर्ने मोबाइल सेट भएमा के हुन्छ ?**

यदि तपाईंको मोबाइल सेटले 4G/LTE सपोर्ट गर्छ तर VoLTE सपोर्ट गर्दैन भने तपाईंले 4G Fast Internet चलाउन सक्नुहुन्छ तर भ्वाइस कल गर्दा स्वतः 3G/2G नेटवर्कबाट कल हुन्छ।

**२०. नेपाल टेलिकमको 4G/LTE सेवा सम्बन्धमा जिज्ञासा तथा गुनासाहरु भए कहाँ सम्पर्क गर्न सकिन्छ ?**

नेपाल टेलिकमको 4G/LTE सेवा सम्बन्धमा कुनै जिज्ञासा तथा गुनासाहरु भए ग्राहक सेवा केन्द्रको नम्बर १४९८ मा सम्पर्क गर्न सकिन्छ। थप जानकारीको लागि नेपाल टेलिकमको वेबसाइट www.ntc.net.np लग अन गर्न सक्नुहुन्छ।

# डोल्पाको साल्दाङमा जीएसएम मोबाइल




नेपाल टेलिकमले डोल्पाको साल्दाङमा भिस्याट नेटवर्कमार्फत जीएसएम मोबाइल सेवा सञ्चालनमा ल्याएको छ। गत असोज ६ गते सो नेटवर्कमार्फत सेवा सञ्चालनमा आएको हो। सो क्षेत्रमा पहिलो पटक जीएसएम मोबाइल सेवाको पहुँच पुगेको छ।

यो भन्दा पहिले कम्पनीले भिस्याट नेटवर्कमार्फत दुई लाइन टेलिफोन सेवा उपलब्ध गराइरहेको थियो। अब भने सो क्षेत्रका बासिन्दाले जीएसएम मोबाइलमार्फत कुराकानी गर्न र डाटा समेत चलाउन सक्नेछन्।

समुद्र सतहदेखि ४ हजार ५ सय ५६ मिटर अग्लो स्थानमा रहेको सो टावरमार्फत डोल्पाको शे फोक्सुन्डो र डोल्पो बुद्ध गाउँपालिका अन्तर्गतका करिब ४ सय ५० भन्दा बढी घरधुरी/परिवार लाभान्वित हुनेछन्। यसबाट शे फोक्सुन्डो गाउँपालिका अन्तर्गत वडा नम्बर १ का निजाल, मोसी, कोमाङ, लुरी, सुन्चेर र किमाका १ सय ७१ घरधुरी, वडा नम्बर २ का तिल्लिङ र कराङ गरी १ सय ११ घरधुरी र वडा नम्बर ४ का सालदाङ, नाम्दो, रापा, धुन्दर, पाउदा, सिगा र नामगाउँका १ सय ६१ घरधुरी तथा डोल्पो बुद्ध गाउँपालिका अन्तर्गत वडा नम्बर ६ सिमेन गाउँका १ सय भन्दा बढी घरधुरी लाभान्वित हुने छन्।

भिस्याट नेटवर्कमार्फत सेवा उपलब्ध गराउँदा अन्य प्रविधिको तुलनामा बढी खर्च लाग्छ। तर नेपाल सरकारको नीति अन्तर्गत अति दुर्गम तथा विकट स्थानहरुमा आधारभूत तथा मोबाइल टेलिफोन सेवा दिने उद्देश्यले कम्पनीले KU-Band को ब्यान्डविथ सेवा प्रयोग गरी भिस्याट नेटवर्क सञ्चालन गरिरहेको छ। सो प्रणालीबाट टेलिकम सेवा उपलब्ध गराए पश्चात देशका विकट र दुर्गमा भेगमा समेत कम्पनीको सेवा पुगेको छ।

## *प्रहरीलाई रिफ्लेक्टिभ ज्याकेट*

*नेपाल टेलिकमले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत महानगरीय प्रहरी परिसर काठमाडौंलाई ११५ थान रिफ्लेक्टिभ ज्याकेट प्रदान गरेको छ। विद्यालय सम्पर्क प्रहरी अंकित ज्याकेट समुदाय-प्रहरी साझेदारी अभियान अन्तर्गत विद्यालयहरुमा दिइने सुरक्षा सचेतना र प्रशिक्षण कार्यक्रमहरुमा प्रयोग गरिने छ।*

*नेपाल टेलिकमको तर्फबाट उपप्रबन्धक कमल लामिछानेले महानगरीय प्रहरी परिसर काठमाडौंका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेललाई सो ज्याकेट हस्तान्तरण गर्नुभएको हो।*



## आधा मूल्यमा इन्टरनेट... *(३ पेजको बाँकी)*

**1. NT Internet Lease Connectivity Tariff**

| **Data Speed** | **Monthly Tariff** | **Port/Medium charge for one End (Fiber/Radio/ADSL)** | Bill amount |
|---|---|---|---|
| - | - | For Fiber only- Rs. 300 /Per Month | BW charge + Port Charge + Medium Charge (exclusive of TSC/VAT) |
| 2 Mbps– 20 Mbps | 2,500/Mbps | | |
| 21 Mbps – 50 Mbps | 2,300/Mbps | | |
| 51 Mbps – 100 Mbps | 2,100/Mbps | Port- Rs. 100/ Per Month | |
| More than 100 Mbps | 1,900/Mbps | (only for fiber or radio media) | |

**2. NT Intranet Lease Connectivity Tariff**

| **Data Speed** | **Monthly Tariff** | **Port/Medium charge for one End (Fiber/Radio/ADSL)** | Bill amount |
|---|---|---|---|
| 512 kbps | 1,600/- | For Fiber only- Rs. 300 /Per Month | BW charge + Port Charge+ Medium Charge (exclusive of TSC/VAT) |
| 1 Mbps– 10 Mbps | 2,700/Mbps | | |
| 11 Mbps – 100 Mbps | 2,400/Mbps | Port- Rs. 100/ Per Month | |
| More than 100 Mbps | 2,100/Mbps | (for all media) | |

लिज लाइनका बारेमा थप जानकारी काठमाडौं क्षेत्रीय निर्देशनालय लिज शाखा, त्रिपुरेश्वरबाट प्राप्त गर्न सकिने छ। यसका लागि फोन नम्बर ०१४२४६४७७ र ०१४२३९५९९ मा सम्पर्क गर्न सकिन्छ।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**